# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

## ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा खरिद गर्ने बारे सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७२/०५/०८**

**सिलबन्दी दरभाउपत्र आईपुग्नु पर्ने अन्तिम म्याद : २०७२/०५/२२ (दिनको ३:०० बजेभित्र)**

**दरभाउपत्र खोल्ने मिति : २०७२/०५/२३ (दिनको १२:०० बजे)**

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको आर्थिक बर्ष २०७२/०७३ मा सम्पन्न गरिने विभिन्न निर्माण, मर्मत तथा रंगरोगन सम्बन्धी कार्यहरुको ड्रईङ, ईष्टिमेट, निरीक्षण एवम् सुपरिवेक्षण, गुणस्तर परिक्षण र नाप जाँच गरी फाईनल बिलसम्मको कार्य सम्पादन गर्न ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा प्रदायकहरुबाट तोकिएको मिति तथा समयभित्र यस कार्यालयमा आईपुग्ने गरी सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

शर्तहरु

१. दरभाउपत्र पेश गर्नेले दरभाउपत्रको साथ ईन्जिनियरिङ्ग कन्सल्टेनसी सेवा प्रदान गर्ने अद्यावधिक अनुमतिपत्रको प्रतिलिपीको साथै मू.अ. करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्ने छ ।

२. पछि निर्णयानुसार कार्यादेश पाउने ईन्जिनियरिङ्ग कन्सल्टेन्सीले सूचना पाएको मितिले ७ (सात) दिनभित्र सम्झौता गर्नु पर्नेछ ।

३. दरभाउपत्र पेश गरेको खामको बाहिरपट्टी शिरमा **"ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा सम्बन्धमा"** भन्ने व्यहोरा लेखी **श्री निर्देशक, नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय, पोखरा**लाई सम्बोधन गरिएको र खाम सिलबन्दी गरिएको हुनु पर्नेछ ।

४. प्राप्त दरभाउपत्र स्वीकार गर्ने/नगर्ने तथा दरभाउपत्र पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा रहनेछ ।

५. दरभाउपत्र खोलिने दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट दरभाउपत्र पेश गर्नेहरुको रोहवरमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय, पोखरामा दरभाउपत्र खोलिने छ तर दरभाउपत्र पेश गर्ने वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र यस बैंकको आन्तरिक प्रशासन फाँटबाट रु. ५००।- (अक्षरेपि पाँच सय मात्र) तिरी प्राप्त गर्न सकिनेछ ।

७. यस सम्बन्धी अन्य शर्तहरु बैंकले दरभाउपत्रमा उल्लेख गरे अनुसार हुनेछ । थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं. ०६१-४६२७१४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

८. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. यो सूचना www.nrb.org.np मा समेत हेर्न सकिनेछ ।

निर्देशक